# सूचनाको हक समबन्धि ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको आ.व. २०८०/८१ को पहिलो त्रैमास (असोज मसान्तसम्म) को विवरण

**१. निकायको स्वरुप र प्रकृती :**

तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम स्थापना भई तत्कालिन बीमा ऐन, २०४९ बमोजिम बीमा समितिबाट जीवन बीमा सम्बन्धी कारोवार संचालन गर्न ईजाजत प्राप्त बीमा कम्पनी । जीवन वीमा व्यवसायको कारोवार २०५८ साल बैशाख २१ गते बाट शुरु गरिएको । हाल कम्पनीको अधिकृत पूँजी रु १० अर्ब र चुक्ता पूँजी रु ८२०.७९ अर्ब रहेको ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

बीमा ऐन, २०७९ मा व्यवस्था भए बमोजिम तथा कम्पनीको प्रबन्ध पत्रमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

कार्यरत कर्मचारी संख्या ६०१ रहेको छ र कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ। व्यवस्थापन समूहको नाम र पद कम्पनीको वेवसाईट www.nepallife.com.np बाट जानकारी लिन सकिन्छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**

प्रचलित कम्पनी ऐन तथा बीमा ऐन, २०४९ अन्तर्गत रहि दीर्घकालीन प्रकृतीको जीवन बीमा व्यवसाय सेवा प्रदान गर्ने ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु कम्पनीको वेबसाईट बाट जानकारी लिन सकिन्छ ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पुर्ण विषयवस्तुहरु यस कम्पनीको वेवसाइटमा प्रकाशित गरिएको छ ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

कारोवारका सम्वन्धमा शाखा प्रवन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेका छन् । कम्पनीको दैनिक कार्य संचालनसँग सम्बन्धित विषयमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको समष्टिगत कार्यसंचालनसंग सम्बन्धित विषयमा संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

कम्पनीले प्रदान गरेको सेवाको सम्बन्धमा ग्राहकहरुको कुनै किसिमको गुनासो तथा उजुरी सुन्नका लागि कम्पनीले केन्द्रिय स्तरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । निजको नाम, ठेगाना यस प्रकार रहेको छ :

किनकि जीवन अमूल्य छ...

**श्री विनोद कुमार भुजेल**
पद: बरिष्ठ प्रबन्धक
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौं,
फोन नं: ०१ ४१६९०८२
ईमेल: info@nepallife.com.np

**९. सम्पादन गरेको कामको विवरण :**

प्रचलित कम्पनी ऐन, २०६३ तथा बीमा ऐन,२०७९ अन्तर्गत रहि दीर्घकालीन प्रकृतीको जीवन बीमा व्यवसाय सम्बन्धी सम्पुर्ण सेवाहरु ।

**१०. सूचना प्रमुख र अधिकारीको नाम र पद :**

यस कम्पनीका कार्यकारी प्रमुखको विवरण निम्न बमोजिम रहेको छ ।

**नाम : श्री प्रवीण रमण पराजुली**
पद : प्रमुख कार्यकारी अधिकृत

यस कम्पनीका ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्ने उद्देश्यले कम्पनीको तर्फबाट तोकिएका सूचना अधिकारीको नाम, पद निम्नानुसार रहेको छ ।

**नाम : श्री बिनोद कुमार भुजेल**
पद : बरिष्ठ प्रबन्धक
नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय, काठमाडौं,
फोन नं: ०१ ४१६९०८२

**११. ऐन, नियम, विनियम र निर्देशिकाको सूची :**

कम्पनीले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पलना गर्ने गरेको छ ।

१. बीमा ऐन, २०७९
२. बीमा नियमावली, २०४९
३. बीमकको लगानी निर्देशिका, २०७५
४. कम्पनी ऐन, २०६३
५. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण ऐन, २०६४
६. धितोपत्र सम्बन्धी ऐन, २०६३
७. मुलुकी देवानी संहिता, २०७४
८. विनिमय अधिकारपत्र ऐन, २०१९
९. सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५
१०. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५
११. बीमा समितिको सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।
१२. जीवन बीमासँग सम्बन्धित अन्य प्रचलित नेपाल कानुन ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय